बैठक संख्याः १५८
मितिः २०८१/०२/२२ मंगलबार
समयः बिहान ७:३० बजे

कमलामाई नगरपालिकाको नगर प्रमुख श्री उपेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा कमलामाई नगरपालिकाको नगर कार्यपालिकाको नगर कार्यपालिकाको बैठक देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पूर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | नगरकार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | नगरकार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | नगरकार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | नगरकार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | नगरकार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | नगरकार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | नगरकार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | नगरकार्यपालिका सदस्य |
| श्री सुमन कुमार कार्की | सचिव (प्र.प्र.अ.) |

बैठक संख्या: १५८
मिति: २०८१/०२/२२ मंगलबार
समय: बिहान ७:३० बजे

<u>प्रस्तावहरु</u>

१. नगर प्रमुखको फिनल्याण्ड तथा अन्य युरोपियन देशको भ्रमण सम्बन्धमा ।
२. आय ठेक्का बन्दोवस्त सम्बन्धमा ।
३. आय ठेक्का म्याद सम्बन्धमा ।
४. ठेक्का सम्झौता रद्ध सम्बन्धमा ।
५. बजेट रकमान्तर सम्बन्धमा ।
६. कार्यसम्पन्नभै बजेट अपुग भएका योजनाको भुक्तानी सम्बन्धमा ।
७. घरधुरी सर्वेक्षक भुक्तानी सम्बन्धमा ।
८. कम्प्यूटर अपरेटर तथा कृषि स्नातक अधिकृत पदमा विज्ञापन र परिक्षा संचालन सम्बन्धमा ।
९. “घ” वर्ग इजाजत नामसारी सम्बन्धमा ।
१०. दैवी प्रकोप राहत सम्बन्धमा ।
११. ठूलोगढीको इनार मर्मत सम्बन्धमा ।
१२. दोश्रो क्याप्टेन किनलक सम्बन्धमा ।
१३. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना सम्बन्धमा ।
१४. सिन्धुली अपाङ्ग महिला संघ सम्बन्धमा ।
१५. घर स्थानान्तरण गर्ने सम्बन्धमा ।
१६. शिक्षक व्यवस्थापन गर्ने सम्बन्धमा ।
१७. अनिवार्य तथा निशुल्क शिक्षा घोषणा सम्बन्धमा।
१८. कमलामाई नगरपालिकाको प्रशासकीय भवनको ड्र्इङ डिजाइन सहित DPR संशोधन/परिमार्जन गर्ने सम्बन्धमा ।

उमेश कुमार पोखरेल
नगर प्रमुख

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कमलामाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

**मिति २०८१ जेष्ठ २२ गते बसेको १५८औं नगर कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं. १:** नगरप्रमुखको फिनल्याण्ड तथा अन्य युरोपियन देशको भ्रमण सम्बंन्धमा।

**निर्णय नं. १:** नगर प्रमुख श्री उपेन्द्र कुमार पोखरेलज्यूबाट यही मिति २०८१/२/२४ गते देखि २०८१/३/१ गते सम्म फिनल्याण्ड लगायत अन्य युरोपियन देशहरुमा भ्रमण हुन लागेकोम उक्त भ्रमणको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दै उक्त भ्रमण स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २:** आय ठेक्का बन्दोवस्त सम्बन्धमा।

**निर्णय २ :** यस कमलामाई नगरपालिकाको आगामी आ.ब. २०८१/०८२ का लागि आन्तरिक आय ठेक्का सम्बन्धी तपसिल बमोजिम न्यूनतम् ठेक अंक कायम गरी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | ठेक्काको नाम | न्यूनतम् वार्षिक ठेक अंक | आ.व. | कैफियत |
|---|---|---|---|---|
| १. | बसपार्क क.न.पा.-६, सिन्धुली | १००५०००.०० | ०८१/०८२ | |
| २. | प्रत्येक शनिवार लाग्ने हाट | ८२५०००.०० | ०८१/०८२ | |
| ३. | प्रत्येक शुक्रवार लाग्ने हाट, क.न.पा.-९, भिमान, इनारपानी | १००००००.०० | ०८१/०८२ | |
| ४. | विज्ञापन कर | ६०००००.०० | ०८१/०८२ | |
| ५. | निकासी कर | ४००००००.०० | ०८१/०८२ | |
| ६. | भिमान बसपार्क | ५०००००.०० | ०८१/०८२ | |
| ७. | बसपार्क भित्र पसल कवल ४ वटा तथा सार्वजनिक शौचालय सटर सहित | ७२४८००.०० | ०८१/०८२ | |
| ८. | फोहरमैला कवाडी सामान विक्री, (वडा नं. ५ क्वान्द्रे खोल्सी र क.न.पा.-९, भिमान, डम्पिङ्ग साइट) | १३५५०००.०० | ०८१/०८२ | |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्ताव नं. ३: **आय ठेक्का म्याद सम्बन्धमा।**

निर्णय ३ : यस नगरपालिका क्षेत्र भित्रका तपसिलमा उल्लेखित पसल कवल ठेक्काको म्याद मिति २०८१ साल असार मसान्तमा समाप्त हुने भएकोले समाप्त भएको मितिले आ.ब. २०८१/८२ को श्रावण देखि असारसम्म म्याद थप गर्ने निर्णय गरियो ।

क) आ.व. २०८०/०८१ मा सिन्धुलीगढी दरवार नजिक गढी दरवारको पश्चिम पट्टी रहेको पसल कवल अमृत बहादुर श्रेष्ठ, क.न.पा.-४, सिन्धुलीले मासिक भाडा रु. २५०१०।- मा भाडामा लिई होटल व्यवसाय संचालन गर्दै आउनु भएको र निजको ठेक्का अवधि २०८१ साल असार मसान्तभित्र समाप्त हुने भएकोले निजलाई नै १० प्रतिशत बृद्धि गरी १ वर्ष (आ.ब. २०८१/०८२ सम्म) को लागि म्याद थप गर्ने निर्णय गरियो ।

ख) आ.व. २०८०/०८१ मा सिन्धुलीगढी दरवार नजिक गढी दरवार परिसर स्थित सौगात पसल कवल मञ्जरी रिसोर्ट एण्ड एग्रो प्रा.लि., क.न.पा.-२, सिन्धुलीले मासिक भाडा रु. २००१०।- मा भाडामा लिई व्यवसाय संचालन गर्दै आउनु भएको र निजको ठेक्का अवधि २०८१ साल असार मसान्तभित्र समाप्त हुने भएकोले निजलाई नै १० प्रतिशत बृद्धि गरी १ वर्ष (आ.ब. २०८१/०८२ सम्म) को लागि म्याद थप गर्ने निर्णय गरियो ।

ग) आ.ब. २०८०/०८१ मावि.पि., पुष्पलाल चिल्ड्रेन पार्क श्री डिल्लीरत्न ग्रुप अफ कम्पनी प्रा.लि. गोलञ्जोर-५, सिन्धुलीले मासिक भाडा रु. १३५०१।- मा भाडामा लिई व्यवसाय संचालन गर्दै आउनु भएको भएको र निजको

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ठेक्का अवधि २०८१ साल असार मसान्तभित्र समाप्त हुने भएकोले निजलाई नै १० प्रतिशत बृद्धि गरी १ वर्ष (आ.ब. २०८१/०८२ सम्म) को लागि म्याद थप गर्ने निर्णय गरियो ।

घ) आ.ब. २०८०/०८१ मा बसपार्क भित्र निर्माण भएको सटर सहितको सार्वजनिक शौचालय श्री निता गौतमले मासिक भाडा रु. ३०,०००।- मा भाडामा लिई व्यवसाय संचालन गर्दै आउनु भएको र निजको ठेक्का अवधि २०८१ साल असार मसान्तभित्र समाप्त हुने भएकोले निजलाई नै १० प्रतिशत बृद्धि गरी १ वर्ष (आ.व. २०८१/०८२ सम्म) को लागि म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: ठेक्का सम्झौता रद्ध सम्बन्धमा।**

निर्णय नं. ४ : कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८०/०४/१९ गते प्रकाशित सूचना अनुसार मिति २०८०/०५/०५ गते बसपार्क भित्र निर्माण भएको पसल कवल कोठा नं. १७ को मासिक भाडा रु. १५,६००।-, पाखिन निर्माण सेवा प्रा.लि. ले कबोल गरी मिति २०८०/०५/१० गते ठेक्का स्वीकृत भई सोही दिन पाखिन निर्माण सेवा प्रा.लि. (प्रो. देव बहादुर पाखिन) र सो कार्यालय बीच सम्झौता भएको र मिति २०८१/०२/०४ गते पसल कोठा बन्द गर्ने सम्बन्धी निवेदन प्राप्त भई मिति २०८१/०२/१७ गते सम्मको रु. १,२०,४०१।- भाडा तथा जरिवाना बुझाएको हुँदा सम्झौताको बुँदा नं. ७ (कुनै कारणले भाडावालाले पसल कवल कोठा छोड्नु पर्ने भए वा न.पा.ले खाली गराउनु पर्ने अवस्था भएमा कम्तिमा १५ दिनको पूर्व सूचना अर्को पक्षलाई दिई छोड्न वा खाली गराउन सकिनेछ ।) बमोजिम कमलामाई न.पा. र पाखिन निर्माण सेवा बीच भएको सम्झौता समेत मिति २०८१/०२/१८ गतेबाट पसल कवल ठेक्का रद्ध गरी

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

उक्त पसल कवल ठेक्काको नयाँ प्रक्रिया आ.ब. २०८१/०८२ बाट अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५:** <u>बजेट रकमान्तर सम्बन्धमा।</u>

**निर्णय नं. ५ :** विभिन्न बजेट कार्यक्रममा विनियोजित रकम थपघट गर्नुपर्ने अवस्थामा कमलामाई नगरपालिकाको विनियोजन ऐन, २०८० को दफा- ३ को उपदफा- २ मा भएको व्यवस्था अनुसार कुनै एक शीर्षकबाट अरु एक वा एक भन्दा बढी शीर्षकमा २५ प्रतिशतले नबढ्ने गरी बजेट सार्न तथा निकासा र खर्च गर्न पाउँने व्यवस्था भए अनुसार कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फको तपसिल बमोजिम रकमान्तर गर्नुपर्ने देखिएको हुँदा रकमान्तर गर्ने निर्णय गरियो ।

| क.सं. | कार्यक्रम | विनियोजित बजेट | खर्च शीर्षक | थप बजेट रकम | घट बजेट रकम | कायम बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तलव स्थायी कर्मचारी | ५0000000 | २१११1 | | ५८५0000 | ४४१५0000 | |
| २ | सडक बत्ती तथा विधुत मर्मत | ३000000 | २२२९१ | २५0000 | | ३२५0000 | |
| | स्थलगत अध्ययन अवलोकन भ्रमण | १000000 | २२६१९ | | २५0000 | ७५0000 | |
| | विविध कार्यक्रम खर्च | २000000 | २२५२९ | २५0000 | | २२५0000 | |
| ३ | कार्यालय मसलन्द | ४५00000 | २२३११ | ५00000 | | ५000000 | |
| ४ | कार्यालय सञ्चालन सामाग्री | २३00000 | २२३१९ | १000000 | | ३३00000 | |
| ५ | कर्मचारी सरुवा भ्रमण खर्च तथा दैनिक भ्रमण खर्च | ४000000 | २२६१२ | ६00000 | | ४६00000 | |
| ६ | मेसिनरी औजार | २२00000 | ३११२२ | ३00000 | | २५00000 | |
| ७ | फर्निचर तथा फिक्चर्स (नयाँ वडा कार्यालय समेत ) | १५00000 | ३११२३ | १५00000 | | ३000000 | |
| ८ | भैपरी आउँने चालु | २६00000 | २२५२९ | १000000 | | ३६00000 | |
| ९ | अन्य विविध खर्च | २३५0000 | २२७११ | ४00000 | | २७५0000 | |
| १० | पानी तथा विजुली | ३५00000 | २२१११ | ३00000 | | ३८00000 | |
| ११ | मेलमिलाप कर्तालाई विवादको छलफल तथा मेलमिलाप गराए वापत यातायात तथा संचार खर्च | ५६0000 | २२५२२ | | १४0000 | ४२0000 | |
| १२ | न्यायिक समिति व्यवस्थापन तथा विविध खर्च | ३00000 | २२५२२ | १४0000 | | ४४0000 | |
| | | | जम्मा | ६२४0000 | ६२४0000 | | |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्ताव नं. ६: **कार्यसम्पन्न भई बजेट अपुग भएका योजनाको भुक्तानी सम्बन्धमा।**

निर्णय नं. ६ : कार्यसम्पन्न भई भुक्तानीका लागि आएका योजनाहरुको बजेट अभाव भै रोकिएको अवस्थामा नगरपालिका केन्द्र तर्फ विनियोजित पूँजीगतको कन्टिजेन्सी शीर्षकको बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७: **घरधुरी सर्वेक्षक भुक्तानी सम्बन्धमा।**

निर्णय नं. ७ : नगरपालिकाको कृषि, शिक्षा, रोजगारी र लैंगिक सम्बन्धमा ४२ जना सर्वेक्षकले १४ वटै वडामा गरिएको सर्वेक्षणमा भएको खर्च रु. ३८५०००।- केन्द्र तर्फ विनियोजित विविध कार्यक्रम बजेट शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८: **कम्प्यूटर अपरेटर तथा कृषि स्नातक अधिकृत पदमा विज्ञापन र परिक्षा संचालन सम्बन्धमा।**

निर्णय नं. ८ : कमलामाई नगरपालिका, ३ नं. वडा को कार्यालयमा कार्यरत कम्प्यूटर अपरेटर (सहायक स्तर चौथो तहका करार) कर्मचारीले शिक्षा सेवा आयोगमा नाम निकाली कम्प्यूटर अपरेटर पदबाट राजिनामा दिएको हुँदा सो रिक्त कम्प्यूटर अपरेटर पदमा करारमा भर्ना प्रक्रियाको लागि १५ दिने सूचना सहित दरखास्त आव्हान गर्ने र कृषि स्नातक सम्बन्धमा संघीय सशर्त चालु कार्यक्रम तर्फ कृषि स्नातक अधिकृत भर्ना सम्बन्धी संघीय कार्यविधि अनुसार प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ९: "घ" वर्ग इजाजत नामसारी सम्बन्धमा ।**

निर्णय नं. ९: तपसिलमा उल्लेखित अनुसार घ वर्गको इजाजतपत्र र नामसारी गर्ने निर्णय गरियो ।

- साहसी गोर्खाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. क.न.पा. वडा नं. ६, प्रो. विष्णु कुमार श्रेष्ठ "घ" वर्गको इजाजत पत्र दिने ।
- कुसुम कन्स्ट्रक्सन प्रा.लि., क.न.पा.-६, प्रो. राजु पोखरेलबाट बानेश्वर विल्डर्स प्रा.लि., क.न.पा.६, प्रो. दिपेन्द्र पौडेलको नाममा नामसारी ।
- सृजनशील निर्माण सेवा, क.न.पा. ६, प्रो. विजय कुँवरबाट क.न.पा.१ निवासी प्रो. वसन्त ढकालका नाममा नामसारी ।
- जलकन्या कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., क.न.पा.३, प्रो. बेनी बहादुर कार्की र सोम बहादुर तामाङको नाममा दर्ता भएकोमा उक्त फर्मका संचालक सोम बहादुर तामाङ्ले साझेदारी हिस्सा छोड्नु भएको र मेख बहादुर कार्कीले खरिद गरेको हुँदा संचालन परिवर्तन गरी जलकन्या कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., क.न.पा.-३, प्रो. बेनी बहादुर कार्की र मेख बहादुर कार्कीको नाममा इजाजत-पत्र दिने ।

**प्रस्ताव नं. १०: दैवी प्रकोप राहत सम्बन्धमा।**

निर्णय नं. १० : कमलामाई नगरपालिका-६, स्थित सितामाडी सिद्धबाबा इन्टरप्राइजेजमा रोकी राखेको गाडी युवराज श्रेष्ठको नाममा दर्ता रहेको ना.५.ख. २८७७ नं. को बस एक्कासी आगलागी भई क्षति भएको हुँदा दैवीप्रकोप शिर्षकबाट सहयोग वापत १ लाख उपलब्ध गराउने र क.न.पा.-१० निवासी दिलमाया दर्लामी मेरुदण्डको क्यान्सर भई उपचार भई रहेको हुँदा आर्थिक सहायता वापत रु. ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. ११:** **ठूलोगढीको इनार मर्मत सम्बन्धमा।**

**निर्णय नं. ११ :** ऐतिहासिक सिन्धुलीगढी क्षेत्र अन्तर्गत् ठूलोगढीमा रहेको पुरातात्विक महत्वको ईनार हाल जीर्ण अवस्थामा रहेकोले यसको मर्मत सम्भार र उपादेयतालाई समेत सहयोग पुग्ने गरी इनारको पुरातात्विक संरचना र रुपलाई कुनै असर दख़ल नदिई इनारको तल्लो भागको पुनर्निर्माण र रानीदरवार छेउको उद्यान संरक्षण गर्नु पर्ने आवश्यकता भएकोले यस कार्यको लागत इष्टिमेट स्वीकृत गरी सो अनुसार मर्मत सम्भारको लागि रु. ४,७७,५०४।७० विनियोजन गर्ने निर्णय गरियो । साथै, ठूलोगढीको पर्खाल र मन्दिर जाने पुरानो बाटो लगत इस्टिमेट तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२:** **दोश्रो क्याप्टेन किनलक पदयात्रा सम्बन्धमा ।**

**निर्णय नं. १२ :** ऐतिहासिक सिन्धुलीगढीको ऐतिहासिक, पुरातात्विक र पर्यटकीय सम्भावनालाई प्रचार प्रसार गर्ने उद्देश्यले सिन्धुली जिल्लामा रहेको नेपाली सेनाको गणहरु र कमलामाई नगरपालिकाको संयुक्त अभियानमा वृहत "दोश्रो क्याप्टेन किनलक पदयात्रा" आयोजना हुने भएको र सो कार्यक्रम संचालन गर्न लाग्ने कुल लागत मध्ये कमलामाई नगरपालिकाले नेपाली सेनाको श्री भवानी वक्स गणले पेश गरेको अनुमानित लागत अनुसारको रु. २,००,०००। (दुई लाख) मात्र लागत साझेदारी गरी सो रकम उक्त गणलाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १३:** **प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना सम्बन्धमा।**

**निर्णय नं. १३ :** प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना कार्यक्रम अन्तर्गत् जुनार सुन्तला लगायत अमिलो जातका फलफूल

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सम्बन्धी कमलामाई नगरपालिकाको वडा नं.७, ८, ११ र १२, भित्र नयाँ क्षेत्रमा थप खेती गर्न सम्भाव्य अध्ययन गरी योजना माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४: **सिन्धुली अपाङ्ग महिला संघ सम्बन्धमा।**

निर्णय नं. १४ : सिन्धुली अपाङ्ग महिला संघलाई खेलकुद कार्यक्रम संचालनको लागि भैपरी शीर्षकबाट रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १५: **घर स्थानान्तरण गर्ने सम्बन्धमा ।**

निर्णय नं. १५ : कमलामाई नगरपालिका वडा नं. ४, मल्लागाउँ निवासी तुल बहादुर बरुवालको घर स्थानान्तरण गर्नको लागि रु. १ लाख ५० हजार भैपरी शिर्षकबाट उपलब्ध गराउने र उक्त घर १५ दिन भित्र नम्बरी जग्गामा स्थानान्तरणका लागि पत्राचार/सुचना गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६: शिक्षक व्यवस्थापन गर्ने सम्बन्धमा ।

निर्णय नं. १६: कमलामाई नगरपालिका अन्तर्गतको श्री गौमती माध्यमिक विद्यालयमा रिक्त रहेको प्रा.वि. तृतीय श्रेणीको दरबन्दीमा श्री शिखर मा.वि. बेल्टारमा प्राथमिक तह तृतीय श्रेणीको शिक्षक श्री राजु कुमार योञ्जनलाई रिक्त रहेको गौमती मा.वि. माढीबजारमा कामकाज गर्न नियमानुसार व्यवस्था मिलाउन कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको शिक्षा तथा खेलकूद शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

प्रस्ताव नं. १७: **अनिवार्य तथा निशुल्क शिक्षा घोषणा सम्बन्धमा।**

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. १७:** बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयको विशेष अनुदानमा संचालन भएको कमलामाई नगरपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा कार्यक्रम अन्तर्गत् मिति २०८१/२/२७ गते सम्म सबै विद्यालय र वडाले आफ्नो क्षेत्र भित्र कुनै पनि बालबालिकाहरु विद्यालय बाहिर नरहेको घोषणा गर्ने र नगरपापालिकाले मिति २०८१/२/३० गते नगरपालिका भित्र कुनै पनि बालबालिकाहरु विद्यालय बाहिर नरहेकोले अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन भएको घोषणा गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १८:** <u>कमलामाई नगरपालिकाको प्रशासकीय भवनको ड्रइङ डिजाइन सहित यस अघि स्वीकृत गरिएको DPR संशोधन सहित परिमार्जन गर्ने सम्बन्धमा</u>।

**निर्णय नं. १८:** कमलामाई नगरपालिकाको प्रशासकीय भवनको ड्रइङ डिजाइन सहित यस अघि लागत अनुमान समेतको DPR स्वीकृत गरिएकोमा सोमा लागत अनुमान अत्यधिक हुन आएकोले सो संशोधन तथा परिमार्जन गरी भवनको लागत अनुमान श्रोत व्यवस्थापन तथा आर्थिक दृष्टिकोणले उपयुक्त, संभाव्य र व्यहोर्न सकिने हुने गरी सम्बन्धित कन्सल्टेन्सीबाट परिमार्जन गराउने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

२०८१।२।२२

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner